# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१०/२४

तेस्रो अधिवेसन

(पाचौं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. मा० सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको पाचौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. मा० सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि शुन्य समय माग भई आएकोले उक्त समय निर्धारण गरेको छु । शुन्य समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम

**माननीय भरत वहादुर खड्का :–** माननीय सभामुख महोदय केहिमनिा अगाडि डडेलधुरा वाट डोटि आउने वस दुर्घटना हुदा धेरै मान्छे ले ज्यानगुमायो धेरैमान्छेहरु घाइते अहिलेपनि काठमाण्डौका हश्पिटलहरुमा उपचार गराइराखेका छन । उनको घरायसि र आर्थिक अवस्थाले धान्न नसक्ने अवस्था छ । मैले तात्काल मुख्य मन्त्री र अर्थमन्त्री ज्यु संग सम्पर्क गर्दा हामी धाइतेहरुको उपचार र मृतक परिवार हरुलाइ राहत दिन्छौ । भनेर उहा हरुले वचन वोल्नुभएको थियो । तर प्रदेश सरकारले आजसम्म यो सम्वन्धमा कुनैपनि कुरा गरेको छैन । त्यसैले मेरो अनुरोध छ । कि घाइते हरुको उपचार खर्चर र मृतकका पविार हरुलाइ राहत स्वरुप प्रदेश सरकारले सहयोग गर्नमा म हार्दिक अनुरोध गर्न चाहान्छु र डोटि जिल्ला हस्पिटल राम्रो हस्पिटल हो । त्यसका धेरै भौतिक पुर्वाधार हरु वनेकाछन र ५० सौयाँ हसपिटलका लागि त्यसका पुर्वाधार हरु वनिसकेको हुनाले आजसम्म त्यस तर्फ सरकारको ध्यान पुगेको छैन । त्यो भन्दा कम पुर्वाधार भएका ठाउँमा पनि ५० सौया को व्यवस्था गरिसकेका छन । हस्पिटल लागि भने डोटि सम्पुर्ण रुपमा चाहिने पुर्वाधार खडाभएको हुनाले त्यस तर्फपनि सरकारको धारणा त्यसतर्फ जावस भन्न चाहान्छु र अर्कोकुरा अहिले उखु को मुल्य राम्रो सित तय पनि नभएको समयमा उखु किसानहरुले पनि पैशा नपाएको छ । त्यसतर्फपनि प्रदेश सरकारको ध्यान गम्विर रुपमा जानुपर्छ किन भन्दाखेरि किसानहरुले त्यो उखु वेचेर आफ्नो जिविको पार्जन गर्नेहुन र समयमा पैषापनि पाएको छैन र समयमा त्यसको भाउ समायोजित पनि भएको छैन । जसले गर्दाखेरि किसान हरु अप्ठेरो अवस्तामा पनि छन । अर्को कुरा समयमा मल विउ पनि पाउन सकेको अवस्ता छैन । किसान हरुले र जहाँसम्म अहिले सम्म पनि महंगाइ हत्या हिँसा यि वलत्कारका घटना हरु चरम चुलि रुपमा अगाडि वढेका छन र मार्केट

आकासिएको छ । साधारण मान्छेले महंगाइ संग जुध्न सक्ने अवस्ता छैन । त्यस तर्फपनि सरकारको ध्यान जानुपर्‍यो नियमनन् गर्नु पर्‍यो किन भन्दाखेरि यो भाउहरु आकाकसिएको छ । कृत्रिम रुपले यो आकासिएको छ र मनता लाइ मर्कापरेको छ । उपभोक्ता हरुलाइ मर्कापरको छ । त्यसैले सरकारको ध्यान त्यतातिर जानुपर्‍यो किनभने प्रदेश सरकार पनि यो कारणले उपस्थितछ भन्ने हुनु पर्‍यो नियमन हुनु पर्‍यो । त्यसैले गर्दा खेरि त्यस तर्फपनि सरकारको ध्यान जावस भन्न चाहान्छु धन्यावाद

**मा०.महेश दत्त जोशी :–** माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेशमा नयाँ व्यवस्था नया निर्वाचन भै सकेपछि १.५वार्ष विति सक्दा पनि किसानको समस्या ज्युका त्युछ किसान हरुले सिचाइका लागि अहिले पनि कुनै सरकारको तर्फवाट सुविधा सौलियत केहिपनि प्राप्त गरेका छैन । तराइका किसान हरुका लाइ भुमिगत जलस्रोत वाट सजिलै पानीको व्यवस्था गर्न सकिन्छ । त्यसको लागि आवस्यक पर्ने विद्युथ मिटर किसान हरुले पटक पटक अनुरोध गर्दापनि विद्युत कार्यालयले विद्युत प्राधिकरणले किसान हरुलाइ मिटर उपलव्द गराएको छैन । यसतर्फ सरकारको ध्यान जावस सामान्य काम हरु सजिलै गर्नसकिने कामहरु जसकालागि कुनै ऐन कानुन वाधा अड्चन छैन । त्यस्ता कामहरु पनि गर्न सकिएको अवस्ता छैन । यो व्यवस्ता पर्तिनै जनताहरु निरास हुने सम्भावनाहरु वडिहेको छ । अहिले पनि मुलुकमा गणतान्त्रीक संघिय व्यवस्ता छ । त्यसको अनुभुति जनताले गर्न सकेका छैनन् । माथिल्लो तहमा गणतन्त्र आयो माथिल्लो तहमा संघियताका कुरा भए माथिल्लो तहमा लोकतन्त्रका कुरा भए जनताको तहमा व्यभारमा अनुभुति हुने गरि व्यभारमा गणतन्त्र लोक तन्त्रको अभ्यास भएको छैन । अहिले पनि जनतामा कामगर्ने साना सस्थाहरु समाजिक सस्थाहरु यन.जि.वो. हरुमा अहिले पनि एकात्मक साशन प्रणालिको व्यभार लागु भैरहेको छ । संघ सस्ता हरुमा नेपालि नागरिक हरुले सदस्यता हुन पाउने चुन्ने चुनिने अधिकार छ । त्यो विधानमापनि लेखिएको छ । तर जनतालाइ त्यहाँ सहभागि हुन दिइएन त्याहाँ सिन्डिगेट लागुछ त्यहा वर्षदेखि २०औ वर्षदेखि खोलिएका सस्था हरुमा आलोपालो नेत्रित्व भैरहेको छ । विभिन्न गैरसरकारि सस्थाहरु सामाजिक सस्थाहरु त्यसता सस्ताहरुमा अहिलेपनि सिन्डिकेट लागुछ र जनतालाइ त्यहाँ सहभागि हुन दिइदैन । त्याहाँ पारदर्सिता छैन । यसरि जनताले लोकतन्त्रको अभ्यास जनताले काहाँगएर गर्नै । कुन ठाउमा गर्ने आफ्ना नजिकैका आफ्ना टोल छिमेकका सस्था हरुमा समावेस हुन नपाउने जनताले लोगतन्त्र र गणतन्त्रको अभ्यास गर्न नपाउने यसकालागि पसरकारले सजक्ता अपनाउनु पर्छ । त्यस्ता सस्थाहरुलाइ

अनुदान दिन रोक्नुपर्छ । मैले सुने सामुदायिक क्याम्पस नाम राखियाछ तर ५००० , ६००० चन्दादिने आजिवन सदस्य हुने अनित्याहाँ पढने नानिहरुका त्याहाँपढ्ने नानी हरुका अभिवभावक त्याहाँ अल्पमतमा हुने । कहिलैपनि त्यो संचालन समितिमा पुग्न नसक्ने त्यस्ता समुदायिक नामराखेर प्राइभेट कम्पनिमा खोलिएका क्यम्पस हरुलाइ अनुदान रोक्नु पर्छ । तिनलाइ लोकतान्त्ररिक करण गरिनुपर्छ । सभामुख महोदय यो सरकारको कामहो यसकालागि कुनै ऐनले रोकेको पनि छैन । कुनै कानुनले रोक्या छैन । यस्ता सामान्य जनतालाइ लोकतन्त्रको अनुभुति गर्न दिने कामहरु समेत सरकारले गर्न सकिरहेको छैन । त्यसैले यो व्यवस्ता पर्ति वित्रिष्णहुने व्यवस्थापर्ति अनर्गगल प्रचारगर्ने हरुले अहिले वडुवा पाइरहेका छन । सरकारले कार्यतालिका वनाएको मलाइ लागेन  सरकारले १ महिनामा पतिकाम सक्ने दुइ महिनामा कतिकाम सक्ने चौमारिक कतिकाम सक्ने ६ महिनामा कतिकाम सक्ने कार्यतालिका वनाउनु पर्छ । त्यो भित्र सामान्य गर्न सकिने लोकतान्त्रीक विधि संविधानको अभ्यास अहिले संविधान कसैले हेर्दैन । सरकारी निकायमा हेर्दैन । निर्वाचित पदाधिकारि हरुले त्यसको हेक्का राख्दैनन् सरकारका स्थाइ सरकारभन्ने क्रमचारी तहमा त्यस्को अभ्यास हुदैन । आफ्नै मनोपोलि ढंगले व्यभारगत लागुगर्ने कुराहरु अहिले देखिएको छ । संविधान लागुहुनुपर्छ संविधान लागुगर्ने कुरामा पहिलो प्रार्थमित्ता सरकारको हो । सरकार यसमा सजक हुनुपर्छ । म सभामुख मार्फत  सुदूरपश्चिम सरकारलाइ संविधान कार्यानयनमा चिन्ता जाहेर गरोस र त्यसकालागी कार्यक्रम हरु वाहिर ल्याओस भन्ने अनुरोध गर्न चाहान्छु । जनतालाइ व्यवाहारमा वुझ्नेगरी अनुभुति हुनेगरि यो संविधानले दिएका अधिकार हरु सार्वभौम अधिकार हरु जनतालाइ मालिक वनाएका अधिकार हरु व्यवाहार तहमा लागुहुनु पर्दछ । कितावमात उहिले उहिले पञ्चायतकालमा १९ सालमा पनि छुवाछुत नगर्नु भनेर लेखेको थियो । उहिले उहिले पनि वहुविवाह नगर्नु भनेर लेखेको थियो यो १९ सालमानै लेखेको थियो । तर त्यो व्यवहारमा लागुहुन सकेन यो हामिले प्रप्तगरेको लामो संविधानर वलिदानको संविधान एसमापनि कितापमा लेखेर मात्रै जनताका मौलिक हक कायम हुन सकिंदैनन् सकिने अवस्ता रहेको छैन । लोकतान्त्री प्रक्रिया लागुहुन गैरहेको छैन । अहिलेपनि सामन्तवादि सोचले जनतालाइ साशन गरिरहेको छ । तलतल हेर्नुपर्ने सरकारको दायित्वहो । सरकारका मन्त्री जि हरुले कार्याक्रम वनाउनु पर्‍यो आफ्ना निकायलाइ परिचालन गर्नु पर्‍यो स्तानिय तहका जनप्रतिनिधि हरुलाइ पनि परिचालन गर्नुपर्‍यो । स्तानिय तहमापनि माथिवाट कार्यक्रम नगएर अन्योल भैरहेको छ  । विकास भनेको केवल वाटो खन्नुमात्रै होकि भन्ने किसिम्को भ्रम श्रिजना

भैरहेको छ । त्यहाभएका जनताका कृषकका समस्या हरु स्वास्थ्यका समस्या हरु शिक्षाका समस्यया हरु मानवियताका समस्या हरु अहिलेपनि सम्वोधन भैरहेका छैनन् । वजेट हुदाहुदै पनि वजेट खर्च नहुने अवस्थामा पुगिरहेको छ । वजेट फ्रिज भइ रहेको छ गतवर्षपनि स्थानिय तहको वजेट फ्रिज भयो । यसवषपनि दोस्रो चौमासिक सकिदापनि वजेट फ्रिजहुने अवस्था देखिएकोछ । प्रदेशको वजेट त पुरै सिङ्गै त्यसतै देखिएको छ । त्यसैले यतातिर सरकारको ध्यान जाओस भन्नेम अनुरोध गर्न चाहान्छु । स्थानिय तहमा विकासको वजेट खर्च नभएको कुरामा ठुलो चिन्ता जाहेरभएको छ । प्रशासनिक खर्च भएको छ । फर्निचर सोफा गाडिहरु किनिएका छन । तर जनताको स्वस्थ्य सस्थामा औषधि छैन सभाकुख महोदय एकवर्ष देखी अत्यावस्यक औषधि छैनन् जनता संग अहिलेपनि विद्यालयमा आवस्यक शैक्षिक सामग्री हरु छैनन् त्यसैले त्यता तिर सरकारको ध्न जाओस र सरकारले कार्यतालिका वनाएर कतिदिनभित्र यि समस्याहरु समाधान गर्ने जसकालागि कुनै संघिय सरकारको वाधा छैन । कुनै ऐनकानुनको वाधा छैन । सामान्य सामजिक सस्ताहरु दुर्घटना हुदा पनि उद्दारगर्ने टोलि हामि वनाउन सक्छौ । हामि ट्रमा सेन्टर वनाएर उद्दार गर्न सक्छौ । मान्छे दुर्घटनामा पर्छ जिवन गुमाइरहेको छ उद्दार गर्ने जिम्मेवारि कसैको छौन । राजमार्ग हरुमा दिनानुदिन दुरघटना हरु वडिरहेका छन । अहिले सिमानामा चोरि तस्करि भैरहेको छ । भन्सार राजस्व छलिभैरहेको छ । अहिले पनि अवैधानिक सामानहरु भित्री रहेका छन । राजस्व मरिरहेको छ । त्यतातिर संघिय सरकारको मात्रै दाइत्वहो भनेर हामि चुपलागेर वस्न सक्दैनौ । यतातिरपनि सरकारको ध्यान जावोस सरकार चिन्तन सिल होस र सरकार जनतापर्ती उत्तरदायि र जनतालाइ मालिक वनाउने हिसाफले कार्यक्रम अगाडि वडावस त्यहि मेरो अनुरोध छ धन्यावाद

**मा०मालामती कुमारि राना :–** माननीय सभामुख महोदय प्रदेश न. ७ अन्तरगत आखाँ अस्पत्ताल ख्याति प्रप्त अस्पत्ताल हो । भौतिक संरचनादेखी लिएर विके डक्टरहरु सम्मको राम्रो व्यवस्था छ । अहिलेसम्म नेपाल भारतका उत्तर प्रदेशका जनता हरु आखाँ सम्वन्धी राम्रो सेवा लिइरहेको अवस्ता छ । यो राम्रो पक्ष हो । गेटा आखाँ अस्पताल लाइ अझ गुणस्तर वनाउन आवस्यक्ता देखिराखेका छौ । गेटा आखाँ अस्पताल लाइ अझ नेत्रसंकलन वैंक कोष स्थापनाकको टट्कारो आवस्यक्ता रहेको छ । अहिले सम्म काठमाण्डौको तिलगंगामा मात्रैछ दुरदराजका गरिव निमुखा जनता हरुको पहुच पुग्नै सक्दैन सभामुख महोदय प्रदेश न.७ मा नेत्र संकलन वैंक

स्थापनाले नेत्रहिन दाजुभाइ दिदि वहिनि हरुकोलागि मैत्रिपुण वातावर्ण वन्न जानेछ यदि आखाँ दान वाट अउकार ज्योति १० जनाले लिन पाएमा संसारलाइ हराभरा देख्न पाएमा सुदुर पशिम प्रदेश को महत्य पुर्ण काम हुनेथियो । सभामुख महोदय प्रदेश न ७ मा नेत्र संकलन वैंक को स्थापना गरियोस । भनि प्रदेश सरकारको ध्न आर्षण गराउन चाहन्छु । कन्चनपुरको डोके वजारको नजिक डोजरले नालि खन्नेकाम जारि रहेको अवस्ता छ । सभामुख महोदय प्रदेश सरकारलाइ जानकारि भएकैहो प्रदेश सरकारको आधिकारिक धारणा के छ ? हाउस लाइ जानकारिका लागि म माग गर्न चाहान्छु । सभामुख महोदय उखुकिसानले समयमा उखुकाट्ने जुन पुर्जि एउटा पाइन्छ । त्यो पुर्जिको एकदमै समस्या उहाहरुले भोगिरहेको अवस्था छ । उखु सुक्न थालिसकेको छ । पुर्जी पाइराखेको अवस्था छैन । त्यसकारण समयमा उखुकाट्ने पुर्जीको व्यवस्था मिलाइयोस र उखु वेचेको पनि समयमा रकम पैषा उनिहरुले पाइ रहेको अवस्ता छैन । उधारोमा गैरहेको छ । समयमा उखु वेचेको पैषा उपलव्द गराइयोस समयमा उखुको विउको पनि हाहाकारछ । अहिले उखु रोप्ने समय छ । विउ पाइरहेको अवस्ता छैन । समयमा विउपनि उपलव्द गराइयोस म प्रदेश सरकारको ध्यान आर्कषण गराउन चाहान्छु धन्यवाद

**मा० सदस्हरु यो वैठकको वाकि काम मानीय उपसभामुख ज्युले चलाउनु हुन्छ ।**

**मा० सान्ती नेपाली :–** माननय सभामुख महोदय  हाम्रो हिउदे अधिवेसन सुरु भइसकेपछि हामीले जसरि यो प्रदेश आकस्मिक कोषको विषयमा जनताले हामीले अघिल्लो आर्थिक वर्षमा पनि त्यसको पटक पटक सदनमा कुरा उठ्ने गरेको छ । पाहाडि जिल्ला हरुमा वर्खेखेति नष्ट भइ खेतिनै भित्र्याउन नपाएर त्याहाको दुरदराजको जनता गासकै समस्याको संकट भोगिरहेको अवस्थामा त्यसलेपनि अहिलेसम्म राहत प्रप्त हुन सकेन यो गरिमामय सदन मार्फात म माननीय सभामुख मार्फत म यो यथासिग्र राहत उपलव्द गराउन पनि म अनुरोध गराउन चाहानछु । र अर्को कुरा सुदूरपश्चिचम प्रदेश लाइ कृषिका हिसाफले हेर्नेहो भने उहाको आत्म निर्भर वनाउनु पर्ने र यो प्रदेश यत्रो पहाडि क्षेत्र हरुमा फेरि नाङ्गा डाडा देखि लिएर वाझोजमिन र तराइको उर्भरा शक्तिक्षेत्र जुन प्रयोजनमा भएर पनि कृषिमा लगाउने कर छनि भारत वाट आयात भएको तरकारि सस्तोहुने किनकि यो सरकारले त्याहा कर अत्यन्त कम छ । र जुन किसान हरुले यो सुदुर पश्चिचममै आफनै घरमा दुख कस्ट गरेएर फलाएको कृषि वालि हरुमा

अलिकर वडितिर्नु भएका कारणले त्याहाँ महँगो विक्रि गर्नुपर्ने र उपभोगता हरुले खरिद नगरिदिने यो समस्या सृजना भएको छ । माननी सभामुख मार्फत यसको हामिले कसरिनिकास निकाल्न सक्छौ ? यो समस्या पनि याहाँ राख्न चान्छु जानकारि गराउन चाहान्छु । र अर्को कुरा अहिले यो पानी परेर पुरै हिमपात भएर वझाङजिल्लामा केहि ठाउँमा  र अन्य जिल्लाहरुमा पनि पाडि भेगमा पनि थप्रै भेडा हरु मरेका छन हिमपातकै कारणले पहिरोका कारणले याहाँपनि कसरि तपाइको क्षेतिपुर्ति देखि लिएर राहत दिन सकिन्छ यसमा पनि ध्यान जान जरुरि छ । र अर्को यो प्रदेश सरकारको आर्थिक वष २०७५/७६ को अलिठुला खालका जो गर्ने कुरा वगरेका छौ । त्यसको सुरुवात कहिले देखि हुने प्रदेशको अवधि तपाइको पहिलो आर्थिक वर्ष सिद्दैर पहिलो चौमासिक सिद्दैर दोस्रो चामासिक सुरुवात भैसकेको छ । ती काम हामिले सुरुवातनै गर्न सकेका छैनौ । कामका द्रीष्टिले हेर्दा तीइको फ्रिज जाने अवसथात छैन ? त्यो प्रदेश सरकारकै कोषमा रहला तर त्यसले नतिजा कस्तो ल्याउन सक्छ । यसमा प्रदेश सरकार चिन्तित भएर लाग्नु पर्ने छ र यो महअङ्गि हेर्दा सवभन्दा पहिले वजार व्यवस्तापन देखि लिएर महङ्गि नियन्त्रणका लागि सरकारले समिति गठन भएर भएपनि यो जुन कर वडायो भन्दै १० रुपयाको २५ रुपया वनाइ दिएको छ । सोझा जनतालाइ व्यपारि हरुले अझ झन ठग्दो रहेछ करको कारणले करत १,२ रुपया मात्र भएको हो । तर त्याहाँ ५० पैषा देखियो भने ४ रुपया वनाइ दियाछ त्यसकारणले हामिले २० रुपयाँमा विक्रि गरेका हौ भनेर विषयलाइ यतातिर वंग्याइ दिएको छ । यसको अन्तकालागि यथासिग्र तपाइको महंगि नियन्त्रणका लागि समिति गठन गरेर भएपनि यसलाइ व्यवस्थित गर्नुपर्ने जरुरि छ खाद्यमा तपाइको एकदमै अप्डेरो छ । अखाद्य कुरा मिसिएको देखिन्छ भन्दै विदाहुन्छु धन्यावाद

**मा० सुसिला वुडाथोकी** :–माननिय सभामुख महोदय द्वन्दकालमा विस्तावित छोटि भन्सार कार्यालय हरु पुनर स्थापना गर्नपर्ने देखिन्छ । किनभने छोटि भन्सार नभएको कारणले गर्दा त्याहाँका जनता हरुले धरै दुःख पाएबको छ । किनकि त्यहाका जनता हरुले त्याहाँ वाट नजिकै इन्डिया भएको कारणलेर्गर्दा त्याहाँगइ सामान ल्याइ रहदा त्यहा चाहि धरै अभद्र व्यवाहार हरु गरिएको पाइएको छ । त्यसकारणले गर्दा फुलवारिको लकरिपुल भजनि र हसुलियामा रहेको छोटि भन्सार लाइ पुनर स्थपना गर्नपनि जरुरि देखिएको छ । र अर्को कुरा यस पशु छाडापशु जन्य पसु जुन हाम्रो समुदायमा हामि किसानलाइ पहिलो प्रर्थमिक्ता दिनेभनिरहेको वेलामा यो कैलालि

जिल्लामा चाहि छाडा पसुहरुले किषान हरुलाइ सरैनै कौलियत वनाएको छ । किषान हरु रात दिन सुत्न पाएको छैन र उहाहरुको खेतमा लगाएको वालिनालि नस्ट पारिएको छ । र किसान हरु पहिलेको युगमा जंगलि जनावरले किसान हरुलाइ सुत्न नदिने र रातदिन सताइ रहने अवस्ता देखिएको थियो र अहिले छाडा पसुहरुले किसान हरुलाइ सारै दुःख दिरहेको अवस्ता छ । त्यसकारणले ति छाडा चौपायालाइ कुन निकायमार्फत हो व्यवस्तापन गर्नु पर्ने त्यसलाइ छिटो भन्दा छिटो छाडा चौपायाहरुको व्यवस्तापन हुनु पर्‍यो र किसान हरुलाइ राहत दिलाउनुपर्ने मैले सभामुख मार्फत मैले अनुरोध गरेकि छु र अर्कोकुरा मैले संगै उठाइ रहेकि छु । यो हुलाकि सडकको कुरा हुलाकि सडक सारै सागुरो भएको अवस्ता छ । हुलाकि सडकमा जुन दिन पर्तिदिन घटनाहरु वडिरहेको अवस्ता छ र यो हुलाकि सडकलाइ चाहि फोर लाइन को वनाउने व्यवस्ता गर्नकोलागि संघिए सरकारमा पहल गर्नुपर्ने मैले जानकारि गराएकिछु सभामुख महोदय यि कुराहरु राख्दै म विदाहुन्छु धन्यावाद

**मा० हर्क वहादुर कुवर :–** माननीय सभामुख महोदय आजहामी महत्वपुण यो तेस्रो अधिवेसनको पाँचौ वैठमकमा उपस्थित छौ । हामी लाइ प्रदेशका जनताले धेरै आस गरिरहेका छन । हामीले विगतमा पनि यो सुन्य समयमा हामीले उठाउने गरेका छौ । तर यसको जवाफ सम्वन्धित निकाय वाट कहिलै पनि आएको छैन । यसमा दुःख लाग्दो कुरा योछ । र सथै संघले प्रदेशलाइ अधिकार दिसक्यो भन्नेछ र स्तानीय निकायले प्रदेशमा जाउ भनेर तलवाट माथि पठाउछ । हामी माहिलो विचको यो संघिए संरचना अनुसार जनताले हामी माथि धेरै आस गरेका छन । या हाम्रो प्रदेशले हामीले कामत महत्व पुर्णकाम गरेका छौ । हामीले यसको नामाकरण गरेका छौ । प्रदेशको राजधानि राखेका छौ । तैपनि जुनढंगले हामीले जानुपर्ने कुराहो त्यो अगाडि वडि सकेको अवस्ता छैन । म सम्वन्धित निकायलाइ सभामुख मार्फत ध्यानाकर्सण गराउन चाहान्छु । त साथै अछाम जिल्ला लगायत का विभिन्नठाउमा नौ वटै जिल्लामा वाजुरा अछाम वझाङ डोटिमा चट्टयाङ लागेर मानिसहरुको मृतयु भएको छ । अछाम जिल्लामा भन्सरा राउ चट्टयाङ लागेवर पुण्यतोला वित्नु भएको उहाकोचाहि पोष्टमार्टम नगरेर उहाको दाह सस्कार भएको छ । त्यस्तो अन्यत्र पनि यस्तो भएको छ । विगतमा हामिले सभामुख मार्फत सरकारको धेरैपटक हामिले ध्यान आर्सण गराएका छौ । त्यसैले यस्ता मृतककालागि पिडितका लागि असिना पिडितका लागि यो सरकार वाट राहात कहिले उपलव्द गराइन्छ । हामिले पटक पटक ध्नआर्षण गराउदा पनि

अहिलेपनि त्यस्तो कुरा अगाडि वढिरहेको कुरा छैन । म सभामुख मार्फत सम्वन्धित निकायको ध्यान आर्षण गराउदै छिटो भन्दा छिटो यो प्रदेश मा त्यस्ता पिडितहरुलाइ राहतको व्यवस्ता होस भन्ने ध्यानआर्षण गराउन चाहान्छु । स्थानिय तहमा अहिले विकासको कुरा अगाडि वडिरहेको छ । र हामिपनि वडाइरहेका छौ । त्यहिअनुरुप स्थानिय तहमा उपभोक्ता समिति स्थानिय तहले अलि दु:ख दिने काम भैरहेको छ । म सम्वन्धित निकायको सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहान्छु । किन भन्दाखेरि जनता आज जनर्जनका लागिनै सरकारहो । चाहेत्यो स्थानिय होस चाहे प्रदेशहोस चाहे त्यो संघ होस । त्यहिकारणले जनतालाइ सरल तरिकाले उपभोगता समितिमा कामगर्ने वतावर्णको लागि प्रदेश सरकार वाट भुमिकाहोस भन्ने म सभामुख मार्फत ध्यान आकर्षण गराउन चाहान्छु । प्रदेशमा भधो साउन भदोको महिनामा आकस्मिक वजेटकोष भन्ने हामिले यो सरकारको मुखवाट यो गरिमामय सदनलाइ जानकारि गराएको थियो । त्यो अहिले काहाँ पुग्यो कुन कुन जिल्लाप्रशासन मार्फत कति कति पिडितहरुलाइ त्यो राहत उपलवद गरायो । त्यसकोषको यो गरिमामय सदनलाइ जानकारिको आवस्यक्ता भएकोले म सभामुख मार्फत सम्वन्धित निकायको ध्यान आकर्षण गराउन चाहान्छु । महिला दलितका लागि सशक्तिकरणका लागि कार्यविधि कहिले वन्छ । र कहिले सम्म यो प्रप्त गर्न सक्छन । हामि कुरागरिरहेका छौ संविधानका हामिले जनताको विचमा धेरै कुरा गरेका छौ । महिला दिदी वहिनी का लागि दलित दाजु भाइ हरुका लागि स्वाभिमानि वनाउछौ । तपाइहरुलाइ आत्म निर्भर वनाउछौ ।भनेर हामिले वोलेका थियौ । सभामुख ज्यु म समवन्धित निकायको ध्यान आकर्ष गराउन चाहान्छु । सभामुख मार्फत योसंसदि करणको कार्यविधि कहिले हुन्छ । र कसरिहुन्छ लागु हुन्छ । यो हाउसलाइ गरिमामय हाउसलाइ जानकारि होस । भनेर म माग राख्न भाहान्छु । त्यता तिर ध्यान आकर्षण गराउन चाहान्छु । वजेटका वारेमा हामिले धेरैकुरा वोलेका छौ । त्यहिअनुरुप हामि जनताको विचमा फास्ट ट्रेकवाट जाउनु अति आवस्यक छ । समय छोटो छ । काम हामिले धेरै महत्व पुर्ण गर्न वाकिछ । धेरै पसिना वगाउन वाकिछ सभामुख महोदय त्यहि कारणले यो आउने २०७५/७६ को वजेटलाइ पनि फास्ट ट्रायक वाट गएर हामिले जनताको विचमा अनि प्रभावकारि ढंकले कार्यानयन गराउनु अति आवस्यक छ । म त्यतातिर पनि सम्वन्धित निकायको ध्यान आर्षण गराउन चाहान्छु । स्वस्थ्य सम्वन्धि हरेक पहाडि जिल्लामा हिमालि जिल्लामा हिउ परिरहेको छ । त्यहाका लजनता अहिले भाइरल जरोले गर्दा असक्त भएका छन । त्यहा एउटा सिटामुल नभएको अवस्तामाछ । हामि जनताका प्रतिनिधि हौ सरकार पनि जनताको प्रतिनिधि भएको कारणले

त्यस्ता दुर्गम ठाउँमा स्वस्थ्य सम्वन्धि जनताको एकाग्र भएर औसधि उपचारको व्यवस्था होस भनेर म ध्यान आकर्षण गराउन चाहान्छु । कृषि सम्वन्धि हामि अव लगभग लगभग हामि तिन महिनापछि वालि भित्रयाउदैछौ । जनताले लगाएको वालिवाट प्रकृतिले यसपालि सफलत होला तर मल विजन अहिले सम्मपनि जनताको घर दैलोमा पुगिसकेको अवस्ता छैन । किसान हरुले हामि जनपर्तिनिधि हरुलाइ घचघचाइ रहेका छन । सम्वन्धित निकायले यो मल सम्वन्धि पनि किसानलाइ अलि भरपर्दो माध्मवाट छिटो छरितो होसभनि म ध्यान आकर्षण गराउन चाहान्छु । गौरि फन्डा नाका अहिले हामि डोगेवजार भन्ने ठाउँमा मित्रराष्ट्रले पर्खाल लाउने काम र डोजरलाउने काम भैराखेको छ । यसका वारेमा कुटनितिक सम्वन्ध वाट यसलाइ महत्वदिएर अगडि वढायो र यो गरिमामय सदनलाइ आउदो दिनमा जानकारि पाउन भन्ने उद्देश्ले म सम्वन्धित निकायको ध्यान आकर्षण गराउन चाहान्छु । यो छाणा पसु सम्वन्धि पत्रपत्रिकामा पाए अनुसार २७ वटा गाइगोरु मरेको भन्ने पत्रिकाले लेखेको छ । के हामि यसलाइ नियुनिकरण गर्न अथवा यसको व्यवस्थापन गर्न यो प्रदेश सरकार मार्फत यसलाइ पहलकदमि गरेर यसको व्यवस्थापन होस भनेर म मागराख्न चाहान्छु र अन्तमा धन्यावाद ।

**३. मा० सदस्यहरू,**

आजको शुन्य समय यहि समाप्त हुन्छ ।

४. मा० सदस्यहरु,

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएकोले जानकारी गराउँछु ।

**५. माननीय सदस्यहरु,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित

**सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह :–** माननीय सभामुख महोदय आन्तरिक मामिला तथा कानुन मन्त्रालय वाट प्रदेशसभा सचिपालयमा मिति २०७५ साल १०/२८ मा दर्ताभएको सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि सुदुरपश्चिम प्रदेश सभा नियमावलि २०७४ को नियम १०५ वमोजिम कुनैपनि माननीय सदस्यको विरोधको सुचना प्राप्त हुन नआएको व्यहोरा माननीय सभामुख ज्यु वाट जानकारि प्रप्त हुन आएको छ । कानुन सम्मत विरोधको सुचना प्राप्त नभए पसच्यात माननी सभामुख ज्यु वाट विधेक सभा समक्ष टेबुलगर्ने अनुमति प्रदान भएकोले सुदुरपश्चिम प्रदेशको प्रदेश सभा नियमावलि २०७४ को नियम १०६ को उपनियम २ वमोजिम सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्वन्धमा व्यवस्था गर्नवनेको विधेयक २०७५ सभा समक्ष पेश गर्दछु धन्यवाद

*(टेबुल भए पछि)*

६. **माननीय सदस्यहरु,**

**सुदूरपश्चिम प्रदेशमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरु,**

आजको छलफलको समय यही समाप्त हुन्छ अर्को बैठक मिति २०७५ साल माघ २७ गते आईतबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।